# ठूलीभेरी नगरपालिकाको १३ औ नगरसभा २०८१ असार १० गते
## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक
## नगर उपप्रमुख छिरिङ्ग टोल्मा महतज्यूले पेश गर्नुभएको

# आर्थिक वर्ष२०८१/८२ को
# राजश्व र व्ययको अनुमान
# (बजेट)

ठूलीभेरी नगरपालिका

डोल्पा जिल्ला

कर्णालीप्रदेश

२०८१

**प्रस्तुतकर्ता: तेजेन्द्र रोकाय वडाध्यक्ष वडा नं १ एवं नगरसभासदस्य**

नगर प्रमुख

Scanned with CamScanner

## आगामीआ.व.२०८१/८२को राजश्व र व्ययको अनुमान

सभाध्यक्षज्यू

सभाध्यक्षज्यूको अनुमतीले म यस नगरपालिकाको आगामी आ व २०८१।८२ को अनुमानित वजेट तथा कार्यक्रम पेश गर्न गइरहेको छु ।नागरिकका अनगिन्ती विकासको चाहाना र छिटो विकासको चाहानालाई सीमित स्रोत र साधनले सम्वोधन गर्न चुनौतीपूर्ण रहेको विषय सवैमा जगजाहेर छ । हाम्रा अधिकतम प्रयास नागरिकको सुख र सन्तुन्टि तर्फ लक्षित छ । हिजो निर्वाचित जनप्रतिनिधको रुपमा हामी आउदै गर्दा र आजको वर्तमान अवस्था हेर्दा पक्कै पनि आशावादी हुने स्थानमा हामीले पुर्याएका छौ।

## सोंच, लक्ष्य, उद्देश्य, प्राथमिकता र अपेक्षित उपलब्धिः

**सोंचः** समृद्द नगर, सुखी नगरवासी ।

**लक्ष्यः**पूर्वाधार जन्य गरिवी, आर्थिक गरिवी, सोचाइमा रहेको गरिवी तथा वेरोगारी घटाउनु।

**वजेटको उद्देश्यहरुः**

१ रोजगारी सृजना गर्ने,

२ गुणस्तरीय सामाजिक विकास र सामाजिक सुरक्षाको प्रत्याभुत गर्ने,

३ कृषिमा व्यवसायिकताको विकास गर्ने,

४ भौतिक पूर्वाधार निर्माणमा जोड दिने,

५ सुशासन कायम गरी आम नागरिकमा परिवर्तनको अनुभुति दिलाउनेआदि ।

नगर प्रमुख

बजेटका प्राथमिकताका क्षेत्रहरु:

१ कृषि क्षेत्रको विकास

२ गुणस्तरीय शिक्षा,स्वास्थ्य र खानेपानी

३ सेवा प्रवाहमा सुधार

४ नगरस्तरीय सडकहरुको स्तरउन्नति

५ संस्थागत विकास

६ फोहरमैला तथा विपद् व्यवस्थापन

सभाध्यक्ष महोदय,

बजेटले लिएको उद्देश्य हासिल गर्न देहाय बमोजिमकोप्रस्ताव गरेको छु।

1. स्थानीय भुगोलको माग अनुसार हरेक वर्षको जेष्ठ १५ गतेको वरपर देखी असार महिनाको १५ सम्म यार्साको सिजन भएकाले आम नागरिकहरु पाटन लेकतर्फ जाने र जनप्रतिनिधिले त्यसको विपद्जन्य व्यवस्थापनको रखबारी गर्नुपर्ने परम्परा रहेको भनि चालु आ.व मा विविध कारणले उक्त कार्य समयमै सम्पन्न हुन नसकेतापनि आगामी आ.व. २०८१।८२ देखी पूर्वाधारतर्फका सम्पूर्ण आयोजनाहरु वैशाख मसान्तसम्म सम्पन्न गर्नुपर्ने कार्ययोजनाकासाथ अघि वढ्ने व्यवस्था मिलाएको छु।
2. ससाना बजेट र धेरै योजना निर्माण गरी बजेट छर्ने र वितरणमुखी योजना घटाइ नागरिकको अपनत्व नहुने खालको कार्यक्रमहरुलाई न्यूनिकरण गरी सक्रिय नागरिक सहभागिता हुने, धेरै बजेटका सिमित योजना वनाइकार्यान्वयनमा लैजाने प्रयास गरेको छु।

नगर प्रमुख

Scanned with CamScanner

1. विस्तृत संभाव्यता अध्ययन, जमीन प्राप्ति लगायतका पूर्व तयारी पूरा भईकार्यान्वयनमा जान सक्ने आयोजनालाई मात्र कार्यक्रममा समावेस गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

2. उपभोक्ता समिति मार्फत वा ठेक्का प्रक्रिया जुनसुकै विधिवाट आयोजनाको कार्यान्वयन गरेपनि कार्तिक मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने व्यवस्था र वैशाख मसान्त भित्र कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था गरी कडाइका साथ लागु गर्ने नीति लिइएको छु ।

3. आन्तरिक स्रोतको न्यूनता र सिलिङ्ग तोकिएको राजश्व बाँडफाँड, वित्तीय समानीकरणको बजेट पनि पुरा रुपमा प्राप्त नभइरहेको सन्दर्भमा चालु खर्च माथि परेको भारलाई घटाउन नगरको आफ्नै सवारी साधन नभएको अवस्थालाई मध्येनजर गरी नगर प्रमुख र उपप्रमुखको हकमा " कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७७ " को अनुसुची २ बमोजिम नै यातायात खर्च वापत एकमुष्ट रुपमा नगद सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ भने यातायातको साधन हुने वडाध्यक्षहरुको हकमा मासिक रु २५ लि पेट्रोल पदाधिकारी इन्धन शीर्षकवाट भुक्तानी दिने व्यवस्था मिलाएको छु ।

4. विकास निर्माण कार्यमा एक्साभेटर र ट्र्याक्टर माग गर्ने व्यक्ति वा संस्थालाई साधन उपलब्ध गराउने नगरको वर्तमान पद्धतिले गर्दा नगरले अधिक मात्रामा इन्धन खर्च गरेको देखिएको र विनियोजित बजेटले पनि इन्धनलाई नपुग्ने

प्रमुख

Scanned with CamScanner

देखिएको अवस्था छ ।आगामी वर्षदेखि एक्साभेटर र ट्रयाक्टर माग गर्ने व्यक्ति वा संस्था स्वयंले इन्धनको व्यवस्था गर्नुपर्ने व्यवस्था मिलाइएको छु ।

**यस सम्मानित एघारौनगरसभाका सभाध्यक्षज्यू**

यस नगरपालिकाका नगर प्रमुखबाट यस सम्मानित सभामा पेश भएको आ ब २०८१।८२ को नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाबाट कर्तल ध्वनीका साथ सर्वसम्मतीले पारित भइसकेको व्यहोरा यस सम्मानित सदनलाई अवगत नै छ । तिनै पारित नीति तथा कार्यक्रममा आधारित रही यो बजेट तथा कार्यक्रम तयार पारिएको व्यहोरा म यस सम्मानित सदनलाई निवेदन गर्दछु ।

**अनुमानित आय व्यय र स्रोत व्यवस्थापन**

**<u>आयतर्फ</u>**

संघीयताको प्राप्तिपछि स्थानीय तहलाई प्राप्त करको अधिकार मध्येको पहिलो सम्पत्ति कर हालसम्म पनि यस नगरपालिकामा लागु नभएकोले नगरको आन्तरिक स्रोत न्यून भइ चालु प्रकृतिको खर्च पनि वित्तीय समानीकरणबाट व्यहोर्नुपर्ने अवस्था थियो । यस्तो विषम परिस्थितिलाई ध्यानमा राख्दै यहि श्रावण १ गतेदेखी लागु हुने गरी नगर क्षेत्रभित्र बनेको घर वा संरचना र सो संरचनाले ओगटेको क्षेत्रफलको दोब्बर जमिनमा सम्पत्ती कर लगाउने प्रस्ताव गरेको छु ।जसबाट नगरलाई करीव रु १० लाख प्राप्त हुने अनुमान छ ।संरचना नभएको क्षेत्रमा साविकमा लगाउदै आएको मालपोत करलाई नै निरन्तरता दिइएको छु। जसवाट नगरलाई रु २ लाख प्राप्त हुने अनुमान छ । नगरपालिका क्षेत्रभित्रका रहेका घर र जग्गाहरु वहालमा [illegible]उने व्यक्ति वा संस्थालाई विगतमा लगाउदै आएको १० प्रतिशतको घरजग्गा बहाल करको दरमा परिवर्तन गरी

नगर प्रमुख

कृषि कार्यमा भाडामा लिइने जग्गामा विगतमा लगाउदै आएको १० प्रतिशत करको दरलाई ८० प्रतिशत घटाइ २ प्रतिशतमा झारिएको छ । जसले कृषि कर्महरु विस्तार गर्न सहज हुनेछ भन्ने विश्वास गरिएको छ आवसीय प्रयोजनमा लगाउदै आएको १० प्रतिशत करको दरलाई ५० प्रतिशत घटाई ५ प्रतिशत कायम गरेको छु । जसबाट होटल व्यवसाय र आवासमा घर जग्गा बहालमा लगाउने घरधनीलाई राहत पुग्ने र न्यून कर भएकाले करको दायरामा आउने बानीको विकास हुने अपेक्षा राखिएको छ । सरकारी वा गैससको प्रयोजनको हकमा १० प्रतिशत कर लाग्ने गरी प्रस्ताब गरेको छु । यसरी घरजग्गाबहाल करबाटनगरपालिकालाई रु ४ लाख राजश्व प्राप्त हुने अनुमान छ ।नगर क्षेत्रभित्र व्यापार व्यवसाय गरी बस्ने व्यवसायीको व्यवसाय दर्तालाई सहजीकरण गर्न चालु बर्षमा जस्तै टोल टोल र घर घरमा गइ व्यवसाय दर्ता गर्न घुम्ती सेवा सञ्चालन गरिने छ । यसबाट सबै व्यवसायीहरुमासहजताको महसुस हुने र करको दायरा नआएका व्यवसायीहरुलाई दायरामा ल्याउन सहजीकरण पुग्ने देखिन्छ । पहिलो पटक व्यवसाय दर्ता गर्ने व्यवसायीको व्यवसाय दर्ता र दर्ता भइसकेका व्यवसायीहरुको हकमा नविकरण बापतको व्यवसाय कर लिइनेछ । जसबाट नगरपालिकालाई रु ४ लाख प्राप्त हुने अनुमान छ । नगरपालिकाले आगामी आ व २०८०।८१ बाट घरनक्सा पासको कार्य आरम्भ गरिएको छ । घरनक्सापास वापत घरको बनोटको प्रकृति अनुसार करको दर प्रस्ताव गरेको छु ।जसबाट नगरलाई रु ३ लाख प्राप्त हुने अनुमान छ । नगरपालिका र नगरपालिका अन्तरगरका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवामा लगाइने सेवा शुल्क दस्तुर सिफारिश दस्तुर लगायतबाट गत विगतमा जस्तै आगामी आर्थिक वर्षमा पनि रु ५ लाख प्राप्त हुने अनुमान गरेको छु । नगरपालिका अन्तरगतका विभिन्न ऐलानी र सार्वजनिक जग्गाहरुमा घर पसल निर्माण भएका छन् ती सबैलाई अब सम्पत्ति कर सरहको बहाल

विटौरी शुल्क लिइ करको दायरामा ल्याईने छ। त्यसरी कर लगाइए बापत रु १ लाख प्राप्त हुने अनुमान छ । नगरपालिकाका पाटन लगायतका उच्च पहाडी क्षेत्रमा रहेको यार्सागुम्बा लगायतका जडिबुटीको वर्षेनी करोडौको व्यापार भइरहेपनि नगरको प्राकृतिक स्रोतको रुपमा रहेको जडीबुटी वापतको राजश्व हालसम्म पनि नगरलाई प्राप्त नभइरहेको सन्दर्भमा आगामी आर्थिक वर्ष २०८१।८२ देखी यार्सागुम्बा बिक्रीमा प्रतिकेजी ५ हजार र अन्य जडिबुटीमा बिक्री करको प्रति केजीका दरले कर प्रस्ताव गरेको छु । यसबाट नगरलाई करीब रु १० लाख प्राप्त हुने अनुमान गरेको छु । विभिन्न प्रशासनिक दण्डसजायबाट रु ५० हजार प्राप्त हुने अनुमान छ ।नगरपालिकास्थित ठूलीभेरी नदीको ढुङ्गा गिटी वालुवाको ठेक्का नलगाइ सामान्य हिसाबले दिइदै आएकोमा हाल नगरपालिकाले नदीको वातावरणीय परीक्षणको कार्य सम्पन्न गरेकोले ढुङ्गा गिटी वालुवा जसबाट नगरलाई १० लाख प्राप्त हुने अनुमान छ ।नगरपालिकाले चालु आव मा खरीद गरेको एक्साभेटर नगरको विकास निर्माणको काममा लगाइ नगरमा आम्दानी गर्न थालिएको छ । जसबाट आगामी आ व मा नगरलाई रु २५ लाख आम्दानी हुने अनुमान गरेको छु । व्यक्तिगत घटनाको रुपमा दर्ता हुने जन्म मृत्यु विबाह बसाईसराई र सम्बन्ध विच्छेद लगायतबाट रु ५० हजार प्राप्त हुने अनुमान छ आन्तरिक स्रोत वापत गत आवमा यथार्थ आम्दानी ३५ लाख प्राप्त भएको थियो । चालु आ व मा आन्तरिक स्रोत वापत रु ७५ लाख हुने अनुमान गरिएकोमा आ व को अन्त्य सम्ममा करीब ३५ लाख प्राप्त हुने संशोधित अनुमान छ । यसरी नगरपालिकाको कूल आन्तरिक आम्दानी रू. ७९,००,०००। (उनासी लाख) हुने अनुमान गरेको छु.

केन्द्र सरकारबाट राजश्व बाँडफाँड वापत रू ७ करो[illegible]९ लाख प्राप्त हुने अनुमान छ। कर्णाली प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत रू. ८ लाख ६२ हजार २४

Scanned with CamScanner

प्राप्त हुने अनुमान छ। चालु आ व को असार मसान्तसम्म खर्च नभई नगरपालिकाको संचितकोषमा रु १ लाख बाँकी हुने अनुमान गरिएको छ । यसरी यी सबै स्रोत र अल्या समेत गरी आन्तरिक स्रोततर्फ जम्मा रु. ८ करोड २७ लाख ६२ हजार २४ हुने अनुमान गरिएको छ । त्यस्तै नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू. ७ करोड ९४ लाख र सशर्त चालु अनुदान तर्फ रू. १७ करोड ७६ लाख १७ हजार सशर्त पुँजिगत अनुदान तर्फ रू. ६ करोड ७५ लाख विशेष अनुदान १ करोड ५० लाख गरी जम्मा रु. ३३ करोड ९५ लाख १७ हजार र कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू. ८६ लाख १४ हजार सशर्त चालु अनुदान तर्फ गरी रु २१ लाख ५५ हजार, सशर्त पुँजिगत अनुदान तर्फ रू. ३ करोड ९६ लाख प्राप्त हुने अनुमान छ । समपुरक अनुदान रु ५६ लाख र प्रदेश सरकारको विशेष अनुदान तर्फ रु. २० लाख गरी जम्मा रु ५ करोड ७९ लाख ६९ हजार प्राप्त हुने अनुमान छ सबै स्रोत गरी कुल आम्दानीतर्फ रू. ४८,०२,४८,०२४ (अठ्चालिस करोड दुइ लाख अड्चालीस हजार चौविस) प्राप्त हुने अनुमान गरेको छु।

ब्ययतर्फ

कूल रकम मध्ये चालु खर्चतर्फ, पदाधिकारीहरूको सुविधामा रु. ९० लाख खर्च हुने अनुमान गरेको छु । कमर्चारी पारिश्रमिक तथा सुविधातर्फ रु. ३ करोड ९८ लाख ५० हजार, कार्यालय सञ्चालन सम्बन्धी खर्च रू. ५० लाख, कार्यक्रम खर्च रु. १२ लाख, सेवा तथा परामर्श खर्च रू. ३० लाख, अनुगमन मूल्यांकन र भ्रमण खर्च रू. ४५ लाख, नगर प्रहरीको तलव भत्ता खर्च रु. ४३ लाख खर्च, घरभाडा खर्च रु २२ लाख एवं विविध खर्च रू. ४० लाख सीप विकास तथा जनचेतना तालीम खर्च रु १५ लाख इन्धन खर्च रु. २९ लाख, वडा बैठक तथा प्रशासनिक खर्च रु ३३ लाख अन्य

रु. १ करोड १९ लाख अन्य समेतगरी जम्मा प्रशासनिक खर्च रू. १०, करोड १८ लाख ९हजार हुने अनुमान छ । जुन कूल व्यय अनुमानको ६२.१६% हुन आउँछ ।

त्यसैगरी पूँजिगत कार्यक्रमतर्फ समपुरक कोष तर्फका कार्यक्रमका लागि रु १ करोड वडास्तरीय कार्यक्रमका लागि ९६ लाख गत आ व को भुक्तानी दिने कार्यक्रमका लागि रु २ करोड २५ लाख ५० हजार नगरस्तरीय कार्यक्रमका लागि रु १ करोड विनियोजन गरेको छु । नगरले बाँडफाँड गर्नुपर्ने रकम मध्ये पूँजिगत कार्यक्रम तर्फको कूल व्यय रकम रु १४ करोड ७२ लाख ६४ हजार भइ कूल व्यय अनुमानको ३७.८४% हुन आउँछ ।

यसरी नगरपालिकास्रोत, संघीय सरकार स्रोत र प्रदेश सरकार स्रोत गरी कूल जम्मा व्ययतर्फ रू. ४८ करोड २ लाख ४८ हजार २४ रुपैया खर्च हुने अनुमान छ। उपरोक्त अनुसार हुने खर्चमध्ये चालु तर्फ २९ करोड ८५ लाख ३४ हजार २४ रुपौया भइ कूल व्यय अनुमानको ६२.०२ प्रतिशत हुन आउँछ । पुँजिगततर्फको पूँजिगत खर्च रु १८ करोड १७ लाख १४ हजार भइ कुल व्यय अनुमानको ३७.८४ प्रतिशत हुन आउँछ ।

<u>बार्षिक बजेट</u>

| शिर्षक | बजेट रु | प्रतिशत |
|---|---|---|
| जम्मा बजेट | ४८०२४८०२४ | १००% |
| चालु खर्च | २९८५३४०[illegible]४ | ६२.०२% |
| पूँजिगत खर्च | १८१७१४००० | ३७[illegible]% |

नगर प्रमुख

उपसंहार

अन्त्यमा नगरबासीका अपेक्षा र मागहेरु धेरै छन् । आफ्नै गाउँघरमा आइपुगेको स्थानीय सरकारले विविध क्षेत्रमा सहयोग गरोस भन्ने भावना र चाहाना हुनु स्वभाविक पनि हो । ती योजनाहरुलाई नगरपालिकाको योजना बैंकमा राखी आगामी दिनमा प्राथमिकताको आधारमा सम्वोधन गर्दै अघि बढिनेछ । नागरिकका अपेक्षा क्रमशः सम्वोधन गर्दै समृद्द नगरपालिका हुदै समृद्द मुलुक निर्माण गर्ने अभियानमा हाम्रो निरन्तर प्रयास रहनेछ । नगरपालिका सामु विद्यमान रहेका चुनौतीहरुलाई सामना गर्दै अघी बढ्न सकेमा हामी अवश्य पनि लक्ष्यमा पुग्न सक्नेछौ । यस नगरसभावाट निर्णय भएका जतिपनि योजना र कार्यक्रमहरु छन् ती सबैको प्रभावकारी कार्यान्वयन गर्नु हामी सबैको कर्तव्य पनि हो । हामी सिक्ने अभ्यासमा भएकाले पनि विगतमा केही कमी कमजोरी हुनसक्लान। आशा छ आगामी वर्ष हामी सबै आ आफ्नो कार्यक्षेत्र परिपक्वताका साथउत्रने छौ ।

छिरिङ्ग टोल्मा महत
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समितिको तर्फबाट
तेजेन्द्र रोकाया
वडाध्यक्ष वडा नं १

धन्यवाद ।